सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सः २०८२।०८३
च.न. १२०१

मितिः २०८२।१२।२६

श्री विषयगत शाखाहरु ।
श्री सबै वडा कार्यालयहरु ।
सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१२।२४ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

............................ २०८२/१२/२६
(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

CamScanner

**बैठक संख्या-७६**

**मिति २०८२।१२।२४ गते**

**गाउँकार्यपालिकाको छयहत्तरौं बैठकका प्रस्तावहरु:**

१. गाउँसभा बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा ।

२. बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

३. LGPAS को प्रारम्भिक नतिजा सम्बन्धमा ।

४. निजि जग्गा गनाहाको प्रतिवेदन सम्बन्धमा ।

५. बिबिध सम्बन्धमा।

- बाल विकास मा.वि. पंखा सम्बन्धि माग पत्र सम्बन्धमा ।
- पोष्टमार्टम तथा यातायात खर्च सम्बन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

निमिकृष्ण बढ्का
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-७६
## मितिः २०८२।१२।२४ गते
## गाउँकार्यपालिकाको पचहत्तरौं बैठकका निर्णयहरु

**निर्णय नं. १. गाउँसभा बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको दोश्रो गाउँसभाको १८ औं अधिवेशनका लागि तपशिलका प्रस्ताव/कार्यसूचीहरु पेश गर्ने निर्णय गरियो ।

<u>तपिशलः</u>

**<u>कार्यसूची र समयतालिका</u>**

बैठक संख्याः ०१ अध्यक्षताः श्री झग वहादुर विश्वकर्मा

बैठक स्थानः गाउँपालिका बहुउद्देश्यीय सभाहल बङ्गाडा प्यूठान    बैठक मितिः२०८२।१२।२४

| क्र.स. | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता |
|---|---|---|---|
| १ | विहान १०.३०-१०.४५ | अध्यक्षले सभाको कार्यप्रारम्भ गर्ने (वाचन पत्र) | सभाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा |
| २ | विहान १०.४५-११.४५ | समसामायिक विषयमा छलफल तथा मन्तव्य राख्ने। | सभाका सदस्यहरु..... |
| ३ | विहान ११.४५-१२.३० | लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव सभामा पेश छलफल र पारित | लेखा समिति संयोजक श्री मिन्टु गुरुङ्ग |
| ४ | दिउसो १२.३०-१.३० | गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव सभामा पेश छलफल र पारित | विधेयक समिति सदस्य- रुद्रलाल पन्थी |
| ५ | दिउसो १.३०-२.०० | चिया खाजा | |
| ६ | दिउसो २.००-२.३० | गाउँपालिकाको वेरुजु फस्योंट कार्यविधि, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव सभामा पेश छलफल र पारित | लेखा समिति संयोजक श्री मिन्टु गुरुङ्ग |
| ७ | दिउसो २.३०-३.३० | संशोधित योजना तथा कार्यक्रम प्रस्तुत र अनुमोदन | गाउँपालिका प्रवक्ता- चिन्त बहादुर सोमैमगर |
| ८ | दिउसो ३.३०-३.४५ | समसामयिक विषय माथिका प्रस्तावहरु पेश | गाउँपालिका प्रवक्ता- चिन्त बहादुर सोमैमगर |
| ९ | दिउसो ३.४५-४.०० | अध्यक्ष ज्यूको मनतव्य, सहित सभा समापन | गाउँपालिका अध्यक्ष |

निमिकृष्ण बढ्का
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## निर्णय नं. २. बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रममा निम्नानुसार कार्यक्रमहरु गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपिशलः

| क.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ वमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ३,३६,०००/- | सामाजिक परिचालन | ५०,४००/- | १५% |
| | | | उद्यमशिलता विकास तालिम | ८४,०००/- | २५% |
| | | | प्राविधिक सिप विकास तालिम | ६७,२००/- | २०% |
| | | | प्रविधि हस्तान्तरण | ६७,२००/- | २०% |
| | | | वित्तिय सेवामा पहुँच | ३३,६००/- | १०% |
| | | | वजारीकरणमा सहयोग | ३३,६००/- | १०% |
| ३ | टुनी खर्क सिमलगौडा मो.वा. निर्माण योजना-वडा नं ३ | १,००,०००/- | पुरानो हेल्थपोष्ट भवन मर्मत अधुरो योजना-वडा नं ३ | १,००,०००/- | |

## निर्णय नं. ३. LGPAS को प्रारम्भिक नतिजा सम्बन्धमा ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१।०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को स्वमूल्यांकन गर्दा प्रारम्भिक नतिजा अनुसार ६४.१ प्राप्ताङ्क भएको जानकारी भयो ।

## निर्णय नं. ४. निजि जग्गा गनाहाको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१२।१९ गतेको कार्यपालिकाको बैठकको निर्णय नं. १३ (ख) वमोजिम गाउँपालिकाका प्राविधिक शाखा प्रमुखको संयोजकत्वमा गहाना खोलाको निजिजग्गाको ढुंगा गिट्टी बालुवा उत्खनन सम्बन्धमा गठन भएको अध्ययन समितिले यस कार्यालयमा दिएको प्रतिवेदन तपिशल वमोजिम रहेको छ।

तपशिलः

प्युठान जिल्ला सरुमरानी गा.पा. वडा नं. ०२ मा पर्ने जमिर शाह, वसन्त ब. जी.सी., महेन्द्र बहादुर के.सी. र बहादुर कर्ण के.सी. को नाममा दर्ता श्रेस्ता कायम भएको कि.न. २०० क्षेत्रफल ३२-४-१-२ रोपनी रहेको निजि जग्गामा उत्खनन तथा निकासी भएको नदिजन्य पदार्थ (ढुंगा , गिट्टी , बालुवा ) को IEE गरि प्रतिवेदन मास्टर मिडिया एन्ड सप्लायर्स

प्रा.लि. तार्केशोर काठमाडौं नेपाल द्वारा १५००.६ घन. मि.उत्खनन गर्न मिल्ने गरि प्रतिवेदन पेस गरिएको IEE REPORT मा उल्लेख गरिएको छ।

मिति २०८२/१२/२० गते यस सरुमारानी गाउँपालिकाबाट अनुगमन गर्दा तपसिल बमोजिमको उत्खनन् भएको पाइयो ।

| क्षेत्र | विवरण | लम्बाई | चौडाई | उचाई | परिमाण | एकाइ |
|---|---|---|---|---|---|---|
| क | सेक्सन १ | १६.०० | ६.८ | १.६१ | १७५.१ | |
| | सेक्सन २ | ३०.०० | २५.६७ | १.२१ | ९३१.८ | |
| | सेक्सन ३ | ३०.०० | ३१.७५ | ०.९५ | ९०४.८७ | |
| | सेक्सन ४ | ३०.०० | २८.४५ | ०.७३ | ६२३.०५ | घन मि. |
| | सेक्सन ५ | २७.७ | ७.६ | ०.६३ | १३२.६२ | |
| ख | सेक्सन ६ | १३.२ | ६.६ | ०.६८ | ५९.३४ | |
| | सेक्सन ७ | ३०.०० | २०.०३ | ०.४० | २४०.४० | |
| | सेक्सन ८ | १७.०० | १२.५ | ०.२५ | ५३.१३ | |
| | सेक्सन ९ | ३०.०० | ७.६ | १.३ | २९६.४ | |
| जम्मा | | | | | ३४१६.७१ | |

यद्यपी उक्त स्थानबाट उत्खनन् भएको बालुवा र गिट्टी को केहि परिमाण सोहि स्थानमा टिप्पर हिड्ने बाटो बनाउने र खोल्सा पुर्ने, खानेपानीको इनारलाई संरक्षण गर्ने कार्यमा प्रयोग भएको देखियो, उत्खनन् भएको ढुंगा सोही बगरमा रहेको देखिन्छ जुन निकासी भएको छैन।यसरी हेर्दा उत्खनन भएको कुल परिमाणको लगभग ३५ प्रतिशत नदिजन्य पदार्थ सोही स्थानमा रहेको छ र उत्खनन् गर्दा निस्केको पाँगो माटो पनि सोहि स्थानमा नै रहेको देखिन्छ । यसरी प्राविधिक दृष्टिकोण वाट हेर्दा उक्त स्थानमा उत्खनन् भै निकासी भएको कुल नदिजन्य पदार्थ को परिमाण ३४१६.७१-११९५.८४= २२२०.८६ घन मि.हुने देखिन्छ ।

माथि उल्लेखित प्राविधिक प्रतिबेदनका आधारमा उक्त स्थानमा बढी उत्खनन् तथा निकासी भएको नदिजन्य पदार्थको परिमाण २२२०.८६-१५००.६=७२०.२६ रहेको छ ।बढि उत्खनन् र निकासी भएको परिमाण वापत नियमानुसार थप राजश्व लिने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५. बिबिध सम्बन्धमा।

- **सत्य मा.वि. र बाल विकास मा.वि.मा पंखा सम्बन्धि माग पत्र सम्बन्धमा ।**
  यस गाउँपालिका अन्तर्गत वडा नं. २ का सत्य मा.वि. र बाल विकास मा.वि.मा पंखा सम्बन्धि माग भएकोले कार्यालयको जिन्सी शाखाबाट पंखा खरिद गरी सम्बन्धित विधालयहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

- **पोष्टमार्टम तथा यातायात खर्च सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिका वडा नं ६ को वडा कार्यालयको सिफारिस एवं प्रहरी लाशजाँच मुचुल्का अनुसार मिति २०८२।१२।०६ गतेका दिन सरुमारानी गाउँपालिका वडा नं. ६का मृतक तिलक बहादुर बुढामगरको पोष्टमार्टम तथा यातायात खर्च वापत रु.९,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/१२/२४

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

जंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष